का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक १०८
❒ २७ जेठ २०७७, मंगलबार
❒ 9 June 2020, Tuesday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

| **अपडेट: सोमबार साँझसम्म** | | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|---|
| | नेपालमा | ३७६२ जना | ४८८ जना | १००९७१ | ३२६० | १४ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ७१ लाख २५ हजार | ३४ लाख ७८ हजार | ४ लाख ७ हजार | ३२ लाख ३९ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# झनै बढे संक्रमित

## ■ओइसोलेसनमा उपचारत संक्रमितको मृत्यु ■मृतक संख्या १४ पुग्यो

*लगातार बढिरहेको कोभिड–१९ को संक्रमण सोमबार फेरि उच्च संख्यामा पुष्टि भएको छ । २४ घण्टाभित्र एक जनाको मृत्यु भएको छ भने थप एक जनाको मृत्यु भएको छ ।*

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ जेठ ।

आइतबार केही स्थीर देखिएको संक्रमित दर फेरि बढेको छ । सोमबार बितेको २४ घण्टामा संक्रमित संख्या आइतबार भन्दा एक सय बढीले बढेको छ । सोमबार ३१४ जना नयाँ संक्रमित पुष्टि भएको छ भने एक जनाको मृत्यु भएको छ । सोमबारसम्म स्वास्थ्य मन्त्रालयले दिएको जानकारी अनुसार, संक्रमित संख्या ३७६२ पुगेको छ । यस मध्ये ४८८ जना निको भएर घर फर्किएका छन् भने १४ जनाको मृत्यु नै भएको छ ।

### ■थपिए मृतक

कोभिड–१९ को संक्रमण पुष्टि भएको भोलिपल्टै नै पोखरामा एक संक्रमितको मृत्यु भएको छ । आइसोलेसनमा उपचाररत ६० वर्षीय बृद्ध पुरुषको मृत्यु भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । स्याङ्जाको वालिङ नगरपालिकाका ती संक्रमित बृद्धको मृत्यु भएको प्रदेश सरकारले जनाएको छ । संक्रमित पुरुषको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गएको जेठ २२ गते देखि उपचार भइरहेको थियो ।

मन्त्रालयले ती संक्रमित दीर्घ रोगी रहेको जनाएको छ । मन्त्रालयले संक्रमितमा मिर्गौला, मधुमेह लगायत रोग थियो । आइतबार मृत्यु भएको सहित तीन जनाको संक्रमण पुष्टि भएपछि मृत्यु भएको छ । तर,बाँकी एघार जनाको भने मृत्यु भएपछि मात्रै संक्रमण पुष्टि भएको थियो ।

सोमबार थपिएको सहित बाँकी पृष्ठ २ मा



कोशी अस्पताल विराटनगरको बहिरङ्ग सेवामा सोमबार स्वास्थ्य परीक्षण गर्न आएका सर्वसाधारण । तस्वीरः मनोज दाहाल/रासस

### ■ क्वारेन्टिनबाट फर्किएपछि मृत्यु

**काठमाडौं/मस–** महोत्तरी गौशाला नगरपालिका–१० का ४० वर्षीय डोमी मण्डलको मृत्यु भएको छ । यही जेठ ६ गते भारतको हरियाणाबाट स्वदेश फर्किइ क्वारेन्टिनमा बस्दै आएका उहाँको शनिबार कोरोना परीक्षण रिपोर्ट निगेटिभ आएपछि घर पठाइएको र आज मृत्यु भएको गौशाला नगरपालिकाका प्रमुख शिवनाथ महतोले जानकारी दिए । प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कट्वालले बाँकी पृष्ठ २ मा

चौरजहारी प्रकरण

# विषेश संसदीय समिति

**६ जनाको ज्यान लिएको पश्चिम रूकुमको चौरजहारी घटनाको अनुसन्धान गर्न संसदीय छानबिन समिति गठन भएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ जेठ ।

रुकुमको चौरजहारीमा सामूहिक आक्रमणपश्चात भएको हत्याको विषयमा छानविन गर्न संसदीय विशेष समिति गठन गरिएको छ । सभामुख अग्निप्रसाद सापकोटाको निर्देशनमा नौ सदस्यीय छानबिन समिति गठन गरिएको हो ।

चौरजहारी नगरपालिका, सोती घटना छानविन संसदीय विशेष समितिमा नौ सदस्य विशेष संसदीय छानबिन समिति गठन भएको छ । विशेष समितिले कार्यविधि तय गर्ने र आवश्यक परे सम्बन्धित पदाधिकारी वा अन्य व्यक्तिको सहयोग लिन सक्नेछ ।

समितिले कार्य प्रारम्भ भएको एक महिना भित्र रिपोर्ट बुझाउनुपर्नेछ । सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी नेकपा



सांसद देवेन्द्र पौडेल संयोजक रहेको समितिमा एकवाल मियाँ, दुर्गा पौडेल, पार्वतीकुमारी विशुन्के, प्रकाश रसाईली (स्नेही), बिमला बि.क., महेश्वरजंग गहतराज (अथक) , मिनबहादुर विश्वकर्मा र रामसहायप्रसाद यादव सदस्य छन् ।

रुकुम पश्चिमको चौरजहारी नगरपालिका–८ आउला ६ जना युवाको हत्या भएको छ । गएको जेठ १० गते चौरजहारीमा केटी लिन गएका जाजरकोट भेरी नगरपालिकाका ती जाजरकोट भेरी नगरपालिका–४ का मोहन विकका छोरा २१ वर्षीय नवराज सहित ६ जनाको शव फेला परेको छ । रुकुम पश्चिम चौरजहारी–१ का लामिछाने बस्ने २० वर्षीय टीकाराम सुनार र जाजरकोट भेरी नगरपालिका–४ का बाँकी पृष्ठ २ मा

# वैदेशिक रोजगार ऐन संशोधन हुँदै : श्रममन्त्री

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ जेठ

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवले वैदेशिक रोजगारमा सय जना कामदार नपठाएकै कारणबाट ईजाजतपत्रवाला संस्थाको खारेजी हुने हालको व्यवस्था हटाउन वैदेशिक रोजगार ऐन २०६४ मा संशोधनको प्रकृया अघि बढेको बताएका छन् । सोमबार प्रतिनिधिसभामा बोल्दै मन्त्री यादवले कोरोना भाइरस संक्रमणपछि गत चैत १६ गतेको मनित्रपरिषद्को वार्षिक सय जना कामदार नपठाएका म्यानपावर कम्पनीको ईजाजतपत्र नवीकरण नहुने व्यवस्था हटाउन ऐन संशोधन गर्ने निर्णय अनुसार विज्ञहरुको सल्लाह सुझावको आधारमा ऐन संशोधनको प्रकृया अघि बढाएको र संसदको निर्णय सरकारलाई मान्य हुने बताए ।

वैदेशिक रोजगार ऐन २०६४ र वैदेशिक रोजगार नियमावलीमा म्यानपावर कम्पनीको ईजाजतपत्र नवीकरण गर्न पछिल्लो दुई आर्थिक वर्षमा प्रत्येक वर्ष कम्तीमा एक सय जना कामदार वैदेशिक रोजगारमा पठाएको प्रमाणित हुने कागजात समावेश गरिनुपर्ने व्यवस्था अनिवार्य गरिएको छ ।

कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रण उच्चस्तरिय समन्वय समितिले फागुन २९ गतेदेखि वैदेशिक रोजगारीमा जाने श्रम स्वीकृति स्थगन गरेपछि वैदेशिक रोजगार विभागले फागुन ३० गतेदेखि श्रम स्वीकृति अनिश्चितकालका लागि स्थगन गरेको छ । सरकारले नै श्रम स्वीकृति स्थगन गरेपछि म्यानपावर कम्पनीले वैदेशिक रोजगारीमा कामदार पठाउन पाएका छैनन् । जसका कारण कम्तीमा ५ सय २३ म्यानपावर कम्पनीले ऐन र नियमावलीले संस्था नवीकरणका लागि अनिवार्य गरेको सय संख्या पुऱ्याउन नसकेको आँकलन छ ।

वैदेशिक रोजगार ऐन संशोधन प्रकृयामा गएपनि सोही ऐनको दफा ८२ प्रयोग गरेर वाधा अड्काउ आदेश जारी हुन कानूनी रुपमा समस्या नहुने कतिपयको धारणा छ । यसअघि श्रम स्वीकृति सम्वन्धी ऐनको दफा १९ कार्यान्वयनमा समस्या भएपछि ऐनको दफा ८२ प्रयोग गरेर वाधा अड्काउ फुकाउने आदेश राजपत्रमा प्रकाशित भएको थियो ।

वर्तमान अवस्थामा पनि ऐन संशोधनको प्रकृयामा अघि बढेपनि बाधा अड्काउ आदेश जारी गरी संस्था नवीकरणको समस्या समाधान गर्न सकिने कतिपयको भनाइ छ । ऐनको व्यवस्था अनुसार नियमितरुपमा असार मसान्तसम्म र मासिक दश हजारका दरले जरीवाना तिरेर असोज मसान्तसम्म म्यानपावर कम्पनी नवीकरण गर्न पाउने व्यवस्था रहेको छ । त्यसका लागि अब एक महिनाभन्दा केही बढी दिन मात्र समय बाँकी रहेको छ ।

**मञ्चद्वारा सांसद् सिंहप्रति खेद प्रकट**

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवले मन्त्रिपरिषद्को निर्णय र व्यवसायीहरुको माग अनुसार वैदेशिक रोजगार ऐन संशोधनको प्रकृया अगाडि बढाएको अवस्थामा अनुचित लाञ्छना बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### घुस मागेको प्रमाणित गर्न श्रममन्त्रीको चुनौती

काठमाडौं/मस– श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवले वैदेशिक रोजगार व्यवसायीहरुसँग घुस मागेको भन्ने आधारहीन आरोप लगाएको भन्दै आरोप प्रमाणित गर्न नेपाली कांग्रेसका सांसद् डा. अमरेशकुमार सिंहलाई चुनौती दिएका छन् । आर्थिक वर्ष २०७७/०७८ को विनियोजित बजेट अन्तर्गत शनिबारको छलफलमा नेपाली कांग्रेसका सांसद डा. सिंहले वार्षिक एक सयजना कामदार नपठाउने म्यानपावर कम्पनीको ईजाजतपत्र नवीकरण नहुने व्यवस्था संशोधन गर्न मन्त्री यादवले ५ सय १२ वटा म्यानपावर कम्पनीसँग एक/एक लाख रुपैयाँका दरले घुस माग गरेको आरोप लगाएका थिए ।

प्रमुख प्रतिपक्षी दलका सांसद् सिंहको उक्त भनाइप्रति वैदेशिक रोजगार व्यवसायीहरुले समेत गम्भीर आपत्ति जनाएका छन् । सोमबार मन्त्रालयको विनियोजित बजेट सम्वन्धमा सांसदहरुले राखेका संशोधन तथा जिज्ञासाहरुको जवाफ दिने क्रममा मन्त्री यादवले उक्त आरोप व्यक्तिगत कुण्ठाले ग्रस्त भई लगाएको भन्दै त्यसलाई बाँकी पृष्ठ २ मा


## प्रेस विज्ञप्ति

संशोधित वैदेशिक रोजगार ऐन र नियमावलीमा व्यवस्था गरिए अनुसार ईजाजतपत्रवाला वैदेशिक रोजगार व्यवसायी संस्थाहरुको नबीकरणका सम्वन्धमा मिति २०७७/०२/२४ गते सम्मानित व्यवस्थापिका संसदमा नेपाली कांग्रेसका माननिय अमरेश कुमार सिंहले दिनुभएको प्रस्तुति र मिति २०७६/१२/१६ गतेको मन्त्रिपरिषद् बैठकबाट निर्णय भए अनुसार वैदेशिक रोजगारमा वार्षिक १०० जना कामदार नपठाएका कारणबाट ईजाजतपत्रवाला संस्थाहरु खारेज हुने हालको व्यवस्थालाई हटाउन वैदेशिक रोजगार ऐन २०६४ संशोधनको प्रक्रिया अगाडि बढाउन गरिएको ढिलासुस्ती प्रति यस नेपाल लोकतान्त्रीक वैदेशिक रोजगार व्यवसायी एसोसियसनको गम्भीर ध्यानाकर्षण भएको छ । तत् सम्वन्धमा मिति २०७७/०२/१८ गते नेपाल वैदेशिक रोजगार व्यवसायी संघको लिखित अनुरोधमा यस बिषयलाई निष्कर्षमा पुऱ्याउनको लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा ३ सदस्यीय समिति समेत गठन गरि प्रक्रिया अगाडी बढि सकेको अवस्थामा माननीयज्यूको प्रस्तुतिले दुबिधा उत्पन्न भएकोमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीज्यूबाट व्यवसायिक हितका लागि अगाडी बढाइएको प्रक्रिया प्रति कुनै भ्रममा नपर्नका लागि सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध गरिन्छ । साथै वैदेशिक रोजगार क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्ने बिषयमा नेपाली कांग्रेस पार्टीको शुभेच्छुक सस्था यस नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसियसनसँग समन्वय गरेर मात्र प्रस्तुत हुन बिशेष अनुरोध गरिन्छ ।

**नरेन्द्र प्रसाद ढकाल**
**अध्यक्ष**

**नेपाल लोकतान्त्रिक बैदेशिक रोजगार ब्यबसायी एशोसिएसन**
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१,४४६६४२८

## प्रेस विज्ञप्ति

नेपालको आर्थिक मेरुदण्डको रुपमा स्थापित वैदेशिक रोजगार ब्यवसायलाई हाल कोभिड–१९ को महामारीले आक्रान्त बनाएको छ । स्वदेशमा नै रोजगारका पर्याप्त अवसरहरु हुँदा युवाबर्गको वैदेशिक रोजगार वाध्यकारी आवाश्यकता भएको छ । वैदेशिक रोजगार ब्यवसायी मार्फत संस्थागत रुपमा श्रम स्वीकृति लिई वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकहरुमा जानु भएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुले पठाउनु भएको विप्रेषणबाट देशको अर्थतन्त्रमा महत्वपूर्ण टेवा पुर्‍दै आएको सर्वविदितै छ । वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकहरुको सुरक्षाका साथै वैदेशिक रोजगार व्यवसायीलाई ब्यवस्थित, सुरक्षित र मर्यादित बनाउदै सरल सेवा प्रदान गराउन आवाश्यक ऐन कानुन, नियमावली परिमार्जन गर्दै समयसापेक्ष बनाउनु पर्नेमा प्रगतिशिल वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालले जोड दिंदै आएको छ ।

वैदेशिक रोजगार ऐन २०६४ र वैदेशिक रोजगार नियमावलीलाई संशोधन गरि ईजाजतपत्र प्राप्त वैदेशिक रोजगार व्यवसायीहरुले वार्षिक १०० जना श्रमिक अनिवार्य रुपमा पठाउन पर्ने बाध्यकारी ब्यवस्थाले करिव ७५ प्रतिशत वैदेशिक रोजगार ईजाजत पत्र प्राप्त संस्थाहरु खारेज हुने अवस्था सिर्जना भएको छ । यो अवस्था आउनुको कारण प्रमुख गन्तब्य मुलुक मलेसिया २०७५ साल जेठ महिनादेखि २०७६ साल भाद्र महिनासम्म पूर्णरुपमा बन्द रहनु, हाल कोभिड–१९ को कारण विश्वब्यापी लकडाउन हुनु र लकडाउन पूर्व मागपत्र तथा भिषा प्राप्त भई श्रम स्विकृति लिन नपाएको जस्ता कारणहरुले वैदेशिक रोजगार व्यवसायीहरु १०० को संख्या पुऱ्याउन असमर्थ रहेका छन् ।

प्रगतिशिल वैदेशिक रोजगार ब्यवसायी मञ्च, नेपालले व्यवसायीहरुले वार्षिक १०० जना श्रमिक पठाउन नसक्नुका विविध कारणहरु खुलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, पूर्व प्रधानमन्त्री तथा ने.क.पा. अध्यक्ष श्री पुष्पकमल दाहाल (प्रचण्ड) ज्यू, कोभिड–१९ नियन्त्रण उच्चस्तरीय समितिका संयोजक एवं माननीय उपप्रधान तथा रक्षामन्त्रीज्यू, तथा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका माननीय मन्त्री श्री रामेश्वर राय यादवज्यू लगायत सम्बन्धित सरोकारवाला निकायमा लिखित रुपमा जानकारी गराइएको र नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७६/१२/१६ को निर्णयानुसार "वैदेशिक रोजगारमा १०० जना कामदार नपठाएकै कारणबाट ईजाजतपत्रवाला संस्थाहरु खारेजी हुने हालको ब्यवस्थालाई हटाउन वैदेशिक रोजगार ऐन २०६४ मा संशोधन प्रक्रिया अगाडी बढाउने" भनी निर्णय भई सकेको अवस्थामा माननीय मन्त्रीज्यूले ३ सदस्यीय कमिटी गठन गरि कार्य प्रारम्भ गर्नु भएकोमा मिति २०७७/०२/२४ गते नेपाली कांग्रेसका माननीय सांसद श्री अमरेश कुमार सिंहज्यूले संघीय संसदमा माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री रामेश्वर राय यादव तथा वैदेशिक रोजगार व्यवसायीहरुलाई लक्षित गरि कपोलकल्पित भ्रामक तथा गैरजिम्मेवार तरिकाले लगाउनु भएको आरोपको प्रगतिशिल वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल खेद प्रकट गर्दछ ।

गरिमामय सदनमा असोभनीय तरिकाबाट ब्यक्तिगत चरित्र हत्या गर्ने मनसायले प्रेरित भई बोल्नुभएका अतिरञ्जित भनाईहरु फिर्ता लिन समेत माननीय श्री अमरेश कुमार सिंहज्यूलाई प्रगतिशिल वैदेशिक रोजगार ब्यवसायी मञ्च, नेपाल अनुरोध गर्दछ । साथै वैदेशिक रोजगार व्यवसायीहरुले राखेका न्यायसंगत तथा जायज मागहरुको संवोधन गर्न यस्ता भ्रामक तथा असोभनीय अभिब्यक्तिबाट किन्चित विचलित नभई निष्ठापूर्वक अघि बढ्न माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीज्यूलाई हार्दिक अनुरोध गर्दछौं ।

**राम प्रसाद भान्तना** — संयोजक
**राजेन्द्र भण्डारी** — सह-संयोजक

**प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल**
पिंगलास्थान, गौशाला, काठमाडौं, फोनः ०१–४४६४३०१, ४४६४७२६

## संसद्मा मन्त्रीहरुले दिए जवाफ

# सबैको आ-आफ्नै दाबी



**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ जेठ

संसदमा आर्थिक वर्ष २०७७/७८ का लागि मन्त्रालयगत रुपमा विनियोजन गरिएको बजेटमाथिको छलफलम उठेका प्रश्नहरुको सम्बन्धित मन्त्रीले जवाफ दिएका छन्। शुक्रबारदेखि शुरु भएको मन्त्रालयगत छलफलमा सांसदहरुले बजेटको आलोचना गरेका थिए। छलफलका क्रममा सांसदहरुले कतिपय मन्त्रीले घुस लिएको गम्भीर आरोप पनि लगाएका थिए।

एन्फाबाट घुस लिएको आरोप लागेका युवा तथा खेलकूदमन्त्री जगतबहादुर सुनार विश्वकर्माले आफुले कोही कसैबाट एक रुपैयाँ नलिएको भन्दै आफुमाथि लगाएको आरोप प्रमाणित गरेर देखाउन ती सांसदलाई चुनौती दिए।

म्यानपावर व्यवसायीबाट घुस लिएको आरोप लागेका श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामेश्वर राय यादवले घुस लिएको प्रमाणित भए राजनीतिबाट सन्यास लिने चुनौती दिए।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा अर्यालले भूमि व्यवस्थाका सम्बन्धमा आफुले विभिन्न ७ वटा बुँदामा समस्या सम्बोधन गर्नुपर्ने गरी प्राथमिकता राखेको बताइन्।

भौतिक पूर्वाधार तथा यातायात मन्त्री बसन्त नेम्वाङले आगामी वर्षदेखि नेपालको झण्डा हालेर दुइवटा रेल कुद्ने दाबी गरे। त्यसका लागि रेलको खरिद प्रक्रिया अघि बढिसकेको बताए।

पर्यटनमन्त्री योगेश भट्टराईले लकडाउन सकिएको ६ महिनाभित्र भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर र्राष्ट्रिय उडान गर्ने दाबी गरे। उनले पोखरा विमानस्थल र निजगढस्थित विमानस्थलको निर्माणको काम अगाडि बढाइएको बताए।

खानेपानी मन्त्री बिना मगरले आगामी आर्थिक वर्षदेखि मेलम्चीको बारेमा प्रस्न उठाउने अवस्थाको अन्त्य हुने दाबी गरिन्। उनले वर्षौंदेखि उठ्दै आएको प्रश्नको बिटमार्ने समय छिट्टै आउने बताइन्।

कानून न्याय तथा संसदीय मामिला मन्त्री शिवमाया तुम्बाहाम्फेले मौलिक हकसंग जोडिएका ऐन कार्यान्वयनका लागि आवश्यक नियमावलीहरु बन्ने क्रममा रहेको स्पष्ट पारिन्।

बन तथा वातावरण मन्त्री शक्ति बस्नेतले वैज्ञानीक बन व्यवस्थापनमा मन्त्रालयको कुनै सहभागिता नरहेको दावी गरे। वैज्ञानीक बन व्यवस्थापनमा अनियमितता भएको कुरा आएको तर यसमा संघीय सरकार र मन्त्रालयको कुनै सहभागिता नरहेको उनको भनाइ थियो।

स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकालले कोरोना भाइरस संक्रमण नियन्त्रण तथा रोकथामका लागि भएको खर्च पारदर्शी भएको दाबी गरे। उनले कोरोना नियन्त्रणका लागि भएको दश अर्ब खर्च व्यवस्थित रुपमा भएको र त्यसको विवरण बुझाउन तयार रहेको बताए। खर्च भएको रकम जुनसुकै बेला प्रक्रिया पुऱ्याएर हेर्न सकिने उनको भनाइ छ।

कृषि तथा पशुपन्छीमन्त्री घनश्याम भुसालले दलाल पूँजीवाद र बिचौलिया अर्थतन्त्रलाई अन्त्य गर्न पाँच प्राथमिकता तय गरिएको बताए। उनले कृषकको बचत सुनिश्चित, अनुदानको समुचित वितरण, जनशक्तिको उपलब्धता, प्रभावकारी बीमा व्यवस्था र उत्पादनको न्यूनतम समर्थन मूल्य तोक्ने विषयलाई प्राथमिकता दिइएको बताए।

## खोटाङमा युवाहरुद्वारा राहत वितरण



**सन्तोश पौडेल/मध्यान्ह**
खोटाङ, २५ जेठ

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस संक्रमणको जोखिमका कारण हाल देशभर लकडाउन जारी छ। यसै बेला खोटाङको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका केही युवाहरूले युवा जागरण, कोरोना नियन्त्रण अभियान भन्ने मूल नार ासहित जनचेतनामूलक सन्देश फैलाउँदै नगरपालिका भित्रका तीन वटा वडाहरुमा ४ लाख बराबरको राहत सामग्री वितरण गरेका छन्।

युवा जागरण कोरिना नियन्त्रण अभियान जेष्ठ ११ बाट सञ्चालन भएसँगै संयोजक कविराज रिजालको संयोजकत्वमा खटिएका युवाहरुले जनचेतनामूलक सन्देशका साथ सडकमा हिडडुल गर्ने, दैनिक ज्यालादारी, अपांग अशक्त, विपन्नवर्गका मानिसलाई लक्षित गरि मास्क, सेनिटाइजर, ग्लोब्स, चाउचाउ, सावुन र प्रति परिवार ५ केजीका दरले चामल र २ केजी तरकारी वितरण गरेका छन्।

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाभित्रका वडा नं ७ र ८ दोर्पामा १ सय पचास घरधुरी र वडा नं ९ निर्मलीडाँडाका ६० घरधुरीवाई खाद्य सामग्री प्रति परिवार ५ केजीका दरले चामल, २ केजी तरकारी साथै माक्स सेनिटाइजर, ग्लोब्स वितरण गरिएको र वडा नं ७ र ८ दोर्पामै एमविविएस डा. जोन खकुरेलले १ सय ५ जनाको निस्शुल्क स्वास्थ्य परीक्षण गरी आवश्यक औषधिसमेत वितरण गरिएको व्यवस्थापक राजु आचार्यले बताए।

'आजसम्म हामीलाई कुनै पनि संघसंस्थाले सहयोग गरेको छैन', उनले भने 'हामीले व्याक्तिगत पैसा उठाई सहयोग गरेका हौं।' कुनै पनि संघसंस्था साथै सहयोगी मन भएका ईच्छुक मनकारीहरुलाई उक्त अभियानमा सहभागी भइदिन आह्वानसमेत गरिएको छ।

यसअघि फ्रन्टलाइनमा रहेर काम गरिरहेका जिल्ला प्रहरी कार्यालय खोटाङ दिक्तेललाई १ सय थान मास्क, १ सय थान सर्जिकल मास्क, सेनिटाइजर १५ पिस, हातधुने सावुन ५० पिस, के एन ९५ मास्क ५ पिस वितरण गरिसकेको संयोजक रिजालले जानकारी दिए।

## प्यूठानमा एकै दिन थपिए ८ कोरोना संक्रमित

**रविन विश्वकर्मा/मध्यान्ह**
प्यूठान, २६ जेठ



प्यूठानमा सोमबार एकैदिन थप ८ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। जिल्लाको प्यूठान नगरपालिका वडा नं. २ का ३ जना र वडा नं. ३ का ५ जना गरी ८ जनामा कोरोना संक्रमण पुष्टि भएको हो।

कोरोना संक्रमण हुनेमा २ वर्षीया बालिकासहित १५, १७, २६, ३२ र ३६ का १/१ जना तथा १८ वर्षका २ जना पुरुष रहेको स्वास्थ्य कार्यालय प्यूठानका प्रमुख विशाल सुवेदिले जानकारी दिए। प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला भैरहवामा गरिएको पिसिआर परीक्षणका क्रममा उनीहरुमा कोरोना पोजिटिभ देखिएको हो। संक्रमितहरु वडा नं ३ को सरस्वती प्राथमिक विद्यालय सेपुङको क्वारेन्टाइनमा बस्दै आएका थिए। संक्रमितहरु सबै केही दिन अघि भारतबाट गृह जिल्ला आई स्थानीय सरकारले बनाएको क्वारेनटाइनमा बसेका हुन्।

प्यूठानबाट उनीहरुसहित ३८ जनाको स्वाव संकलन गरी पिसिआर परिक्षणका लागि भैरहवा पठाइएको थियो। पठाइएकामध्ये ८ जनाको रिपोर्ट पोजेटिभ देखिएको हो। योसँगै जिल्लामा कोरोना संक्रमितको संख्या १२ पुगेको छ।

यसअघि जिल्लाका स्वर्गद्धारी नगरपालिकाको अमर क्याम्पस भिंगृको क्वारेन्टाइन बसेका वडा नं.४ का ५९ वर्षीय पुरुष, दाङको बंगलाचुली गांउँपालिका वडा नं.५ स्थित सुडा माविको क्वारेन्टाइन बसेका माण्डवी गाउँपालिका वडा नं.२का २० र २३ वर्षीय पुरुष र सरुमारानी गाउंपालिकाको खड्केश्वरी प्राथमिक बिध्यालयको क्वारेन्टाइनमा बसेका वडा नं.२ का १९ वर्षीय पुरुष गरी ४ जनामा कोरोना संक्रमण पुष्टि भएको थियो। जिल्लामा हालसम्म भारतबाट आएकाहरुमा मात्र कोरोना देखिएको छ।

## जागिरबाट निकालिएको भन्दै कर्मचारीले आफैंलाई लगाए आगो

**काठमाडौं/मस-** अछामको बयलपाटा अस्पतालको गेटमा आत्मदाह प्रयास गर्ने कर्मचारीको उपचारका क्रममा मृत्यु भएको छ। अस्पतालमा सफाइ मजदुरका रूपमा कार्यरत अछाम साँफेबगर-६का सिद्धार्थ आउजीले सोमबार बिहान आत्मदाहको प्रयास गरेका थिए।

शरीरमा पेट्रोल छर्किएर आगो लगाएका उनलाई हेलिकोप्टरमार्फत् उद्धार गरेर बाँकेको कोहलपुर मेडिकल कलेज पुऱ्याइएको थियो। उपचारका क्रममा सोमबार अपराह्न निधन भएको अछामको सहायक प्रमुख जिल्ला अधिकारी नन्दकिशोर यादवले बताए।

'अस्पतालको गेटमै पेट्रोल छर्किएर आफैंलाई आगो लगाउनुभएछ। तुरुन्तै उद्धार गरि हेलिकोप्टरबाट कोहलपुर मेडिकल कलेजमा पुऱ्याइएको थियो। दिउँसो ४ बजेतिर मुत्यु भयो भन्ने जानकारी पाएका छौं,' उनले भने। उनले घटनाको अनुसन्धान हुन बाँकी रहेको बताए।

आउजी बयलपाटा अस्पतालमा करारमा कार्यरत कर्मचारी हुन्। अस्पतालले आर्थिक सङ्कटका कारण सफाइ मजदुरहरू कटौती गर्ने निर्णय गरेर केहीलाई पत्र पठाएको खुल्न आएको उनले बताए। त्यसमा आउजी पनि परेका थिए। 'त्यही कारण हो कि अरू कारणले उनले आत्मदाहको बाटो रोजेका हुन्, खुलेको छैन। नखुली भन्ने कुरा पनि भएन,' उनी भन्छन्। उनले प्रहरीले अनुसन्धान गरिरहेको पनि बताए।

## भक्तपुर अस्पतालमा सुत्केरीको मृत्यु

### कोरोना संक्रमणको आशंकामा सेवा बन्द




**भक्तपुर/मस-** भक्तपुर अस्पतालमा एक सुत्केरीको मृत्यु भएपछि अस्पतालको सबै सेवा बन्द भएको छ। सुत्केरी व्यथा लागेपछि आइतबार साँझ अस्पताल आएकी सिन्धुपाल्चोक लिसङ्खु गाउँपालिका-३ घर भई हाल चाँगुनारायण नगरपालिका-३ झौखेल बस्ने ३६ वर्षीया महिलाको राति मृत्यु भएको हो।

सुत्केरी भएको आधा घण्टापछि मृत्यु भएकी महिलामा कोरोना भाइरस संक्रमण रहेको आशंकाले अस्पतालको सेवा बन्द गरिएको अस्पताल प्रशासनले जनाएको छ। महिलालाई खोकी लागेको र श्वासप्रश्वासमा पनि समस्या रहेको पाइएको अस्पतालका स्वास्थ्यकर्मीले जनाएका छन्। महिलाको आरडिटी परीक्षणमा कोरोना भाइरस पोजेटिभ आएको थियो।

मृत्युपछि कोरोनाको आशङ्कामा आइतबार राति करिब ९ बजे स्वाब लिइ पीसीआर परीक्षणका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा पठाएको छ। अस्पतालकी मेडिकल सुपरिटेन्डेन डा सुमित्रा गौतमले सुत्केरी महिलाको मृत्यु भए पनि पीसीआर रिपोर्ट नआएसम्म केही भन्न नसकिने जानकारी दिइन्। उनले अस्पतालमा भने विशेष सजगता अपनाएको बताइन्।

अस्पताल विकास समितिका अध्यक्ष मिलन सुवालले मृतक महिलाले नियमितरुपमा केएमसी अस्पताल सिनामङ्गलमा स्वास्थ्य परीक्षण गराउँदै आएको पाइएको जानकारी दिए। चिकित्सकसहितको स्वास्थ्यकर्मीको टोलीलाई कोरोना संक्रमण भएपछि गत २० गतेदेखि नै त्यहाँको सेवा बन्द भएकाले सुत्केरी हुन भक्तपुर अस्पताल आएको पाइएको उनले जानकारी दिए। महिलाको शव अस्पतालको प्रसूति वार्डमा नै राखिएको छ भने बच्चा भने स्वस्थ रहेको अस्पतालले जनाएको छ।

### झनै...

३७६२ जनामा संक्रमण पुष्टि भएको छ। देशभर सोमबार सम्म परीक्षण गराउनेको संख्या एक लाख नाघेको छ। मन्त्रालयल एक लाख ९७१ जनाको पीसीआर परीक्षण भएको जनाएको छ। आरटीडी परीक्षण भने एक लाख ५६ हजार नाघेको छ। परीक्षण गराउने पर्ने आइसोलेसनमा राखिएको आशंकितहरुको संख्या ३२६० पुगेको छ।

### क्वारेन्टिनबाट....

मण्डलको मृत्यु कोरोना संक्रमणले नभई कालगतिले भएको बताए।

जुम्लामा निर्माण भएका अधिकांश क्वारेन्टिन कर्णाली राजमार्गको पहुँचमा छन्। जिल्लाका आठवटै स्थानीय तहमा निर्माण भएका अधिकांश क्वारेन्टिन कर्णाली राजमार्गको पहुँचमा रहेको हो। जिल्लाको सिञ्जा क्षेत्रमा पर्ने तीन गाउँपालिकाका क्वारेन्टिन नाग्म-रारा मुगुजाने सकड छेउमा रहेको छ। ती सबै क्वारेन्टिन सामुदायिक विद्यालयदेखि सरकारी तथा गौरसरकारी कार्यालयको भवनमा निर्माण भएको सिञ्जा गाउँपालिका अध्यक्ष देवलसिंह रावलले बताए।

जिल्लाका सबै स्थानीय तहलाई क्वारेन्टिन बनाउँदा जान र आउन सहजहोस् भनी सडकले छोएका स्थानमा क्वारेन्टिन बनाउन आग्रह गरिएको जनस्वास्थ्य प्रमुख कृष्ण सापकोटाले बताए। यहाँका सामुदायिक विद्यालयदेखि क्याम्पसमा क्वारेन्टिन बनाएर प्रयोगमा ल्याइएको छ। सामुदायिक भवन तथा अन्य संरचना नभएका कारण विद्यालय भवन क्वारेन्टिनमा परिणत भएका छन्।

गाउँ गाउँका विद्यालयमा क्वारेन्टिन बनाउँदा बिरामीलाई जाँच गर्न र उपचारका लागि असहज हुने भएकाले सडकको पहुँच भएको ठाउँमा मात्र निर्माण भएको जनस्वास्थ्य प्रमुख सापकोटाले बताए।

यहाँको चन्दननाथ नगरपालिका, तिला गाउँपालिका र तातोपानी गाउँपालिकाका १० वटा क्वारेन्टिन कर्णाली राजमार्गको पहुँचमा रहेको छ। ती सबै क्वारेन्टिन सामुदायिक विद्यालय तथा कलेजमा निर्माण भएका छन्। पातारासी गाउँपालिका र गुठीचौर गााउँपालिकाले ग्रामीण सडकको पहुँचमा रहेको स्थानमा क्वारेन्टिन बनाएको गाउँपालिका अध्यक्ष हरिबहादुर भण्डारीले बताए।

क्वारेन्टिनमा बसेका नागरिकलाई स्वास्थ्यमा केही समस्या आउनेबित्तिकै कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्म पुऱ्याउन सहज होस् भन्ने उद्देश्यले सडक पहुँच भएको स्थानमा क्वारेन्टिन बनाएको जानकारी दिए। जिल्लाभर ७८६ श्ययाको क्वारेन्टिन निर्माण भएको छ भने सो क्वारेन्टिनमा ७९० जना बसेका छन्। अहिलेसम्म १२ हजार ७७ जना क्वारेन्टिनबाट घर फिर्ता भएको जनस्वास्थ्य कार्यालय जुम्लाले जनाएको छ।

अर्घाखाँचीमा सोमबार एकै दिन ३१ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। भारतबाट गृह जिल्ला आएर स्थानीय सरकारले बनाएका क्वारेन्टिनमा बसेकाको स्वाब परीक्षण गर्दा ३१ जनामा कोरोना संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरीक्षक गणेशराज पौडेलले जानकारी दिए। प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला भैरहवामा गरिएको परीक्षणमा कोरोना देखिएका उनीहरु कुन ठाउँको क्वारेन्टिनमा बसेका हुन् भन्नेबारे खोजी भइरहेको जिल्ला निरीक्षक पौडेलले बताए।

### चौरजहारी...

१७ वर्षीय गणेश बुढाको शव तत्काल फेला परेको थियो भने अन्यको केही दिन पछाडि मात्रै शव फेला परेको थियो।

रुकुम पश्चिमको चौरजहारी नगरपालिका-८ आउलाका वीरबहादुर मल्लकी छोरी लिन गएका नवराज सहित युवाहरुमाथि आक्रमण भएको थियो। तर, दलित समुदायका केटा भएको भन्दै केटी लिन गएका समूहमाथि आक्रमण भएको थियो। आक्रमण पछि बेपत्ता नगरपालिका-११ का लोकेन्द्र सुनार, गोविन्द शाही र सञ्जु विकको केही समय पछाडि मात्रै शव फेला परेको थियो।

उक्त घटनाको अनुसन्धान गर्न प्रमुख प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले संसदीय छानबिन समितिको गठन हुनुपर्ने माग राख्दै आएको थियो। सांसदहरुले यो घटनालाई सामान्य रुपमा लिन नहुने भएकाले विशेष संसदीय छानबिन समितिको माग राख्दै आएका थिए।

गृहमन्त्री रामबहादुर थापाले उक्त घटनाको छानबिन गर्न गृह मन्त्रालयबाट पाँच सदस्यीय छानबिन समिति गठन गरिएको थियो। जाजरकोट र रुकुमपश्चिम बीचका केही युवा बीचमा विवाहको विषयलाई लिएर भएको घटनाका सम्बन्धमा छानबिनका लागि गृहमन्त्रालयका सहसचिवको संयोजकत्वमा प्रहरी वरिष्ठ उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका अधिकृत, महान्यायाधिवक्ताको कार्यालयका अधिकृत र गृह मन्त्रालयका उपसचिव सदस्य रहने गरी समिति गठन गरिएको थियो। यो समितिलाई पनि एक महिनाको समय दिइएको छ।

### वैदेशिक....

लगाउने गरी अभिव्यक्ति दिएको भन्दै नेपाली कांग्रेसका सांसद् अमरेश कुमार सिंहप्रति खेद व्यक्त गरेको छ।

मञ्चका संयोजक रामप्रसाद भान्तना र सहसंयोजक राजेन्द्र भण्डारीले सोमबार संयुक्त विज्ञप्ति जारी गर्दै समस्या समाधान गर्ने उद्देश्यले ऐन संशोधनको कार्य अघि बढाएकोले त्यसलाई अन्यथा हुने गरी मन्त्रीको चरित्रमाथि लाञ्छाना लगाउने गरी टिप्पणी गर्नु न्यायोचित नभएको उल्लेख गरेका छन्।

विगतमा करिब १५ महिना मलेसियाको रोजगारी बन्द भएको र हाल करिब तीन महिना यता कोभिड-१९ को कारणले व्यवसाय बन्द गर्नुपरेको कारण व्यवसायीहरुले ऐन र नियमावलीले तोकेको संस्था नवीकरणका लागि वार्षिक एक सय जना कामदार पठाएको हुनुपर्ने अनिवार्य प्रावधान पूरा गर्न नसकेको अवस्थामा मञ्चले ऐन संशोधन गर्नुपर्ने विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, श्रम मन्त्रालय, नेकपा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' लगायतलाई लिखित माग गरिरहेको अवस्थामा मन्त्रीमाथि लाञ्छना लगाउनु खेदजन्य भएको भन्दै दिएको आधारहीन अभिव्यक्ति फिर्ता लिनसमेत सांसद् सिंहसँग आग्रह गरेको छ।

विज्ञप्तिमा वैदेशिक कोरोना भाइरसको संकट र अन्य कारणले संकटमा रहेका वैदेशिक रोजगार व्यवसायीका समस्या संशोधन लगायतका विषयमा कितिपनि विचलित नभई अघि बढ्न मन्त्री यादवलाई आग्रह गरिएको छ।

यसैबीच नेपाल लोकतान्त्रीक वैदेशिक रोजगार व्यवसायी एसोसियसनले मन्त्रिपरिषद बैठकबाट निर्णय भएअनुसार वैदेशिक रोजगारमा वार्षिक सय जना कामदार नपठाएका कारणबाट ईजाजतपत्रवाला संस्थाहरु खारेज हुने हालको व्यवस्थालाई हटाउन वैदेशिक रोजगार ऐन २०६४ संशोधनको प्रक्रिया अगाडि बढाउन गरिएको ढिलासुस्तीप्रति गम्भीर ध्यानकर्षण भएको जनाएको छ। एसोसिएसनका अध्यक्ष नरेन्द्रप्रसाद ढकाल र महासचिव भवानी निरौलाले संयुक्त विज्ञप्ति जारी गर्दै संशोधित वैदेशिक रोजगार ऐन र नियमावलीमा व्यवस्था गरिए अनुसार ईजाजतपत्रवाला वैदेशिक रोजगार व्यवसायी संस्थाहरुको नवीकरणका सम्वन्धमा संसदमा नेपाली कांग्रेसका सांसद अमरेश कुमार सिंहले दिएको अभिव्यक्ति असान्दर्भिक रहेको उल्लेख छ।

विज्ञप्तिमा एसोसिएसनले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको जेठ १८ गतेको लिखित अनुरोधमा यस विषयलाई निर्ष्कषमा पुऱ्याउनको लागी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रलयद्वारा समिति समेत गठन गरी प्रक्रिया अगाडी बढिसकेको अवस्थामा सांसद सिंहको प्रस्तुतिले दुविधा उत्पन्न भएकोमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीबाट व्यवसायीक हितका लागी असल नियतले अगाडि बढाई.एको प्रक्रिया प्रति कुनै भ्रममा नपर्न आग्रह गरेको छ। साथै विज्ञप्तिमा वैदेशिक रोजगार क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्ने विषयमा पार्टीको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रीक वैदेशिक रोजगार एसोसियसनसँग समन्वय गरेर मात्र प्रस्तुत हुन समेत आग्रह गरिएको छ।

यसैवीच संघका निवर्तमान अध्यक्ष रोहन गुरुङले सांसद सिंहको आधारहीन अभिव्यक्तिले वैदेशिक रोजगार व्यवसायीलाई अनावश्यक प्रहार गरेको भन्दै आपत्ति जनाएका छन्। मन्त्री यादवसँग जोडेर सदनमा वैदेशिक रोजगार व्यावसायी र मन्त्रीलाई लगाएको आरोप निराधार र आपत्तिजनक रहेको भन्दै पूर्व अध्यक्ष गुरुङले अनावश्यक कुरा गरेर समाजमा भ्रम सृजना नगर्न/नगराउन आग्रह गरेका छन्।

#### देउवाले प्रधानमन्त्रीसँग कुरा गर्ने

नेपाली कांग्रेसका सभापति शेर बहादुर देउवाले सांसद् अमरेशकुमार सिंहले अनुचित अभिव्यक्ति दिएपनि सिंगो नेपाली कांग्रेस वैदेशिक रोजगार व्यवसायीका पक्षमा उभिने आश्वासन दिएका छन्।

सोमबार नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष विष्णुप्रसाद गैरेको नेतृत्वमा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका अध्यक्ष नरेन्द्रप्रसाद ढकाल सहितका पदाधिकारी एवं व्यवसायी कांग्रेस पदाधिकारीहरुलाई भेट गर्न पार्टी कार्यालय सानेपा पुगेका थिए। अध्यक्ष गैरेले सांसद सिंहको अभिव्यक्तिले मन्त्रिपरिषद्‌को निर्णयको कार्यान्वयन गर्ने स्वभाविक प्रकृया अघिबढेको अवस्थामा त्यसलाई विषयान्तर गर्ने र व्यवसायीहरुलाई विना प्रमाण लाञ्छना लगाउने काम गरेको भन्दै सभापति देउवासहित महामन्त्री डा. शशांक कोइरालाको ध्यानकर्षण गराएका थिए।

व्यवसायीहरुको गुनासो सुनेपछि सभापति देउवाले आधारहीन अभिव्यक्तिकोपछि नलाग्न व्यवसायीहरुलाई आग्रह गर्दै व्यवसायीका समस्या समाधान गर्न आफुले प्रधानमन्त्री केपी शर्मा ओलीसहित विभागीय मन्त्रीसँग पहल गर्ने वचन दिएको अध्यक्ष गैरेले बताए।

संघ र एसोसिएसनको टोलीले कांग्रेस महामन्त्री डा. कोइरालालाई भेटी गत शनिबार सांसद् सिंहको भनाइबारे आपत्ति प्रकट गरेको थियो। व्यवसायीको धारण सुनेपछि महामन्त्री डा. कोइरालाले श्रममन्त्री यादवलाई फोन गरी सांसद् सिंहको भनाइ पार्टीको धारणा नभई व्यक्तिगत धारणाको रुपमा लिई दिन आग्रह गर्दै जुन पक्षका व्यवसायी भएपनि नवीकरणको वातावरण बनाइदिन मन्त्रीसमक्ष आग्रह गरेका थिए।

### घुस...

प्रमाणित गरेर देखाउन सांसद सिंहलाई चुनौती दिए।
उनले भने, 'यो अभिव्यक्ति सरकारलाई असफल देखाउने दुराशयका रुपमा समेत आएको छ। आरोप लगाउने माननीयले आफ्नो विगतको ईतिहास र सम्वन्धित मन्त्रीको विगत हेर्न आग्रह छ। उहाँलाई व्यक्तिगत हैसियतले मैले बच्चैदेखि चिनेको छु, आफुजस्तै अरुलाईपनि उस्तै देख्नु गलत छ। मधेशमा कहावत छ, 'जाँको रहे भावना जसी प्रभु मुरत देखिए तीन त्यैसी।'

सांसद र संसदको गरिमामा आँच आउने गरी विना प्रमाण लाञ्छना लगाउने प्रवृत्ति नदेखाउन आग्रह गर्दै मन्त्री यादवले आफुमाथि लगाएको आरोप प्रमाणित भए आफुले राजनीतिको सार्जजनिक जीवनबाट सन्यास लिने चुनौती दिए।

उनले भने, 'मेरो राजनीतिक जीवनमा तेश्रो चोटी मन्त्री भएको छु, विगत देखि अहिलेसम्म भ्रष्टाचारमा संलग्न भएको कुरा प्रमाणित गदिरदिनुहोस, जीवन नै दाउमा लगाउन तयार छु। राजनितिक जीवनबाट सन्यास लिन समेत तयार छु।'

सो अवसरमा मन्त्री यादवले वैदेशिक रोजगारीमा जाने कामदारको श्रम स्वीकृति, अनलाइन सूचना प्रणाली सबै निकायसँग आवद्ध गरी पारदर्शी बनाएको, सामाजिक सुरक्षा कोषमा वैदेशिक रोजगारीमा जानेलाई पनि जोडेको भन्दै कोरोना भाइरसका कारण स्वदेश फर्किएका युवा हातमा सीप भए भोकले नमर्ने प्रवन्ध गरिएको बताए।

उनले भने, '५० हजार युवाहरुलाई सीप तालिम दिने, नेपालमा रहेका विदेशी कामदार स्वदेश फर्किए नेपालीले उक्त काम पाउने, सीप विकास तालिमलाई संवोधन गरी प्रमाणपत्र बाँड्ने भन्दा सीप सिकेको प्रमाण दिने प्रवन्ध गरिएको छ।'

जवाफमा स्पष्टीकरण माग गर्दै छाया सरकारका श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय हेर्ने डा. डिला संग्रौला र नेमकिपाका सांसद प्रेम सुवालले कोरोना भाइरसका कारण ४० लाख युवायुवती बेरोजगार भएको भन्दै प्रधानमन्त्री रोजगार कार्यक्रमलाई कार्यकर्ता पोस्ने भाँडो नबनाउन आग्रह गरे।

# आरोप प्रमाणित गर्न मन्त्रीको सांसदलाई चुनौती

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ जेठ ।



सरकारका युवा तथा खेलकुद मन्त्री जगतबहादुर विश्वकर्माले आफूमाथि सांसद प्रदीप यादवले लगाएको आरोप प्रमाणित गर्न चुनौती दिएका छन् । सांसद यादवले अखिल नेपाल फुटबल संघ (एन्फा) सँग १७ करोड रुपैयाँ खेलकुद मन्त्रीले लिएको आरोप लगाएका थिए । आर्थिक वर्ष २०७७-०७८ विनियोजित बजेटअन्तर्गत आफ्ना मन्त्रालयका विषयमा उठेको प्रश्नको जवाफ दिने क्रममा मन्त्री विश्वकर्माले सोमबार सांसद यादवलाई आफ्नो आशय प्रष्ट पार्न वा आरोप प्रमाणित गर्न चुनौति दिएका हुन् ।

बजेट माथिको छलफलका क्रममा सांसद यादवले शुक्रबार अखिल नेपाल फुटबल संघ (एन्फा) का अध्यक्ष कर्माछिरिङ शेर्पाको विवादस्पद अभिव्यक्ति छानबिन गर्न माग गर्ने क्रममा मन्त्री विश्वकर्मालाई मुछेका थिए ।

'मलाई यहाँ सम्म पनि सुन्न आएको छ । एन्फाले पनि माननिय खेलकुद मन्त्रीलाई पनि बढा माया गरेको छ,' उनको आरोप थियो, 'एन्फाले उहाँलाई १७ करोड रुपैयाँ दिएको छ ।'

मन्त्री विश्वकर्माले सांसदको नाम नलिइकन भने, 'एन्फाले पनि खेलकुद मन्त्रीलाई पनि बढा माया गरेको छ । एन्फाले १७ करोड रुपैयाँ दिएको छ भन्ने आरोप लगाउनु भएको छ । यो आरोपलाई मैले गम्भिरतापूर्वक लिएको छु । यसलाई प्रमाणित गर्न उहाँलाई चुनौति दिन्छु ।' मन्त्री विश्वकर्माले कुन आशयमा सांसद यादवले त्यस्तो आरोप लगाउनु भएको त्यसको आशया प्रष्ट पार्न उल्लेख गर्दै उनको त्यो भनाईलाई संसदको रेकर्डबाट हटाउन सभामुख समक्ष आग्रह समेत गरेका छन् ।

मन्त्री विश्वकर्माले एन्फा अध्यक्ष शेर्पाले दिएको भनेको विवादस्पद अभिव्यक्ति आफुलाई जानकारी नभएको पनि बताएका छन् । उनले भने, एन्फा अध्यक्षले के भन्नु भयो भन्ने छ, मेरो जानकारीमा छैन । उहाँले कहाँ, के अन्तर्वार्ता दिनुभयो, के भन्नुभयो मलाई थाहा छैन । कता कताको कुरा ल्याएर मन्त्रीलाई विवादमा तान्नु खोज्नु उचित हुन सक्दैन । राम्रो काम गर्नेलाई पुरस्कृत गर्ने र कानुनविपरित काम गर्नेलाई कुनै छुट नदिने, प्रमाणका आधारमा कानुनबमोजित दण्डित गरिन्छ ।

एन्फाले फिफाको सहयोगमा आफ्नो निर्वाचिन क्षेत्रको माच्छापुच्छ्रे गाँउपालिकाको भेडाबारीमा १७ करोड रुपैयाँ बराबरको बहुउद्देश्यीय सेन्टर निर्माण गर्ने निर्णय गरेको भन्ने सुन्नमा आएका उल्लेख गर्दै मन्त्री विश्वकर्माले भने, 'त्यसरी निर्माणको निर्णय हुनुमा मेरो के दोष हुन्छ ? मैले योजना परेको सुनेको हु । त्यसमा मन्त्रालयलाई आधिकारिक जानकारी छैन ।'

मन्त्रीले आफुलाई एन्फाले मात्र होइन खेलकुद क्षेत्रका सबैले माया गर्ने गरेको पनि बताएका थिए । उनले मन्त्रालयका विषयमा उठेको प्रश्नमा जवाफ दिने क्रममा ५८ करोड रुपैयाँ भौतिक पूर्वाधार निर्माणका लागि बजेट विनियोजन भएको उल्लेख गर्दै भने, 'त्यसमा पनि ४० करोड रुपैयाँ स्थानिय निकायमा खेल ग्राम स्थापनाका लागि हो । बाँकी १८ करोड रुपैयाँले अहिले चलिरहेका योजना पुरा गर्नुपर्ने चुनौति छ ।'

उनले आगामी आर्थिक वर्षमा कुनै पनि नयाँ भौतिक पूर्वाधारको योजना नरहेको पनि बताएका छन् ।

कोराना भाइरसका कारण उत्पन्न कठिन परिस्थितिले अन्य क्षेत्र जस्तै खेल क्षेत्रलाई पनि असर गरेको बताएका थिए । मंसिरमा भएको १३ औं दक्षिण एसियाली खेलकुद (साग) मा भव्य आयोजना र सफलता पछि खेलकुद क्षेत्रमा बजेट बढ्ने खेलकुद क्षेत्रले अपेक्षा गरेपनि त्यस्तो हुन नसकेको उनले बताए ।

उनले नेपाल ओलम्पिक कमिटी, नेपाल क्रिकेट संघलगायत खेलकुद संघमा देखिएका विवादहरु पछिल्ला समयमा अन्त्य भएको दाबी पनि गरे ।


ग्रासरुट कार्यक्रमका लागि नेपाली सेना सँगको सहकार्यमा तराईका जिल्ला (सप्तरी, सिराहा, धनुषा र महोत्तरी) मा ग्रासरुटको कार्यक्रम सुरु गरेको बताउँने क्रममा एन्फा अध्यक्ष शेर्पाले राष्ट्रियताको प्रसंग उठाएका थिए । उक्त अन्तर्वार्तामा शेर्पाले आर्मीसँगको सहकार्यमा ग्रासरुट सुरु गर्नुको दुई वटा कारण रहेको बताएका थिए ।

एन्फा अध्यक्ष शेर्पाले भने आफ्नो अभिव्यक्तिका लागि माफी मागेका थिए ।

शर्पाको विवादास्पत अभिव्यक्तिको छानविन गर्न एन्फाका वरिष्ठ उपाध्यक्ष पंकज नेम्बाङ र पूर्व अध्यक्ष नरेन्द्र श्रेष्ठले फिफालाई छुट्टा छुट्टै उजुरी गरेका थिए ।

एन्फा अन्तर्गत नै रहेका ४ जिल्ला फुटबल संघ (काठमाडौं, ललितपुर, भक्तपुर र धादिङ) का अध्यक्षले संयुक्त रुपमा प्रधानमन्त्री केपी शर्मा ओलीलाई, राष्ट्रिय खेलकुद परिषद् (राखेप) का उपाध्यक्ष पिताम्बर तिम्सिना एन्फा अध्यक्ष शेर्पालाई कारवाही गर्न उजुरी पनि दिएका छन् ।

# अमेरिकी पहिलो स्वर्ण पदक विजेता कुर्ट थोमसको निधन



**न्युयोर्क, एजेन्सी–** अमेरिकालाई विश्व जिम्नास्टिक च्याम्पियनसिपमा पहिलो पटक स्वर्ण दिलाउने पूर्व खेलाडी कुर्ट थोमसको निधन भएको छ । मुटुको रोगबाट थला परेका थोमसको ६४ वर्षको उमेरमा निधन भएको हो ।

सन् १९७६ को मोन्ट्रेल ओलम्पिकमा सहभागिता जनाएका उनले १९७८ को विश्व च्याम्पियनसिपमा स्वर्ण जितेका थिए । जुन फ्रान्समा भएको थियो ।

त्यो अमेरिकाले जितेको पहिलो स्वर्ण पदक थियो । त्यसपछि १९७९ मा नउले टेक्सासमा भएको च्यामिपयनसिपमा आफ्नो स्वर्णलाई सुरक्षित गरेका थिए ।

अमेरिकन कपको उपाधि तीन पटक जितेका थोमसले १९८० को मस्को ओलम्पिकमा अमेरीकाले नखेल्ने निर्णय गरेपछि पदक जित्ने सम्भावना गुमाएका थिए ।

उनले गरेको योगदानको कदर गर्दै सन् २००३ मा हल अफ फेमपनि दिइएको थियो ।

# कोरोनाविरुद्धको लडाईमा चीनद्वारा श्वेतपत्र जारी




**बेइजिङ, एजेन्सी-** चीन सरकारले कोरोना भाइरस विरूद्ध चीनको कार्य प्रगति शीर्षकमा श्वेत पत्र प्रकाशित गरेको छ ।

चीनले महामारी विरूद्धको कठिन अवधिमा गरेको काम र प्रभावकारी उपायबारे श्वेतपत्रमा उल्लेख गरिएको छ ।

चीनले तीन महिनामा मात्र महामारी विरूद्ध ठूलो प्रगति पाएको सबभन्दा महत्वपूर्ण अनुभव रहेको श्वेत पत्रमा उल्लेख छ ।

एक अर्ब चालिस करोड जनसंख्या रहेको ठूलो मुलुकको रूपमा चीनले छोटो समयमा महामारीको नियन्त्रण गर्न सक्यो भन्ने कुरा श्वेत पत्रले जवाफ दिँदै त्यसको प्रमुख कारण चिनियाँ कम्युनिष्ट पार्टीको दृढ नेतृत्व रहेको उल्लेख गरेको छ ।

महामारी फैलिएपछि चीनका शीर्ष नेता सी चिन फिङले जनताको सुरक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राख्ने दोहोऱ्याएका छन् ।

महामारी फैलिएको सुरूमा नेता सीले महामारी विरूद्धको लडाइँलाई जनताको युद्धको रूपमा राखेर जनता साँच्चिकै बहादुर रहेको बताएका छन् ।

एक अर्ब चालिस करोड चिनियाँ जनताले चिनियाँ कम्युनिष्ट पार्टी र सरकारलाई उच्च विश्वास गरी आफ्नो राम्ररी संरक्षण गर्नु र अरूको संरक्षण गर्ने तथा राष्ट्रलाई योगदान गर्नेबीच बराबर भएको सहमतिमा कार्वाही गरेकोश्वेत पत्रले देखाएको छ ।

# ट्रम्पले सँधै झूठो बोले पूर्वविदेशमन्त्री कोलिन पावेल



**न्युयोर्क, एजेन्सी–** अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पको व्यवहारका कारण दिक्क भएपछि रिपब्लिकन नेताहरु एकपछि अर्को गर्दै उनको आलोचनामा उत्रिन थालेका छन् ।

यसैक्रममा अमेरिकी पूर्व विदेशमन्त्री कोलिन पावेलले रंगभेद विरोधी प्रदर्शन नियन्त्रणका लागि राष्ट्रपति डोनाल्ड ट्रम्पले लिएका कदमको आलोचना गरेका हुन् ।

ट्रम्प संविधानको भावनाभन्दा निकै टाढा पुगेको टिप्पणी गर्दै पावेलले अब आफूले आगामी निर्वाचनमा डेमोक्रेटिक उम्मेदवार जो बाइडेनलाई मत दिने घोषणा गरे । उनले ट्रम्पले सधैं झूठो बोल्ने गरेकाले अब उनी राष्ट्रपतिमा निर्वाचित हुन योग्य नरहेको पनि बताए ।

राष्ट्रपति ट्रम्पले भने पावेलको भनाइलाई 'अति प्रतिशोधयुक्त' रहेको टिप्पणी गरेका छन् ।

अमेरिकामा अहिलेसम्म संयुक्त चिफ अफ स्टाफको अध्यक्षका रुपमा काम गरेका पावेल एकमात्र अफ्रीकी-अमेरिकी व्यक्ति हुन् । रिपब्लिकन पार्टीका तर्फबाट विदेशमन्त्री रहिसकेका पावेल पूर्व शीर्ष सैन्य अधिकारी हुन् ।

नागरिक प्रदर्शनमा सेना प्रयोग गर्ने ट्रम्पको कदमप्रति पावेलअघि ट्रम्पकै पूर्वविदेशमन्त्री जेम्स म्याटिसले पनि आलोचना गरेका थिए । प्रहरी यातनामा अश्वेत अमेरिकी नागरिक जर्ज फ्लोयड मारिएपछि देशभर फैलिएको विरोध प्रदर्शनकै बीच पावेल ट्रम्पको आलोचनामा ओर्लिएका हुन् ।

# पाकिस्तानद्धारा आइएमएफको प्रस्ताव अस्वीकार



**इस्लामावाद, एजेन्सी–**अन्तर्राष्ट्रिय मुद्रा कोषले पाकिस्तान सरकारसँग राखेको खर्च कटौतीको प्रस्ताव अस्वीकार गरेको बताइएको छ । पाकिस्तानलाई आगामी बजेटमा यहाँका सरकारी कर्मचारीको तलबमा भारी मात्रामा कटौती गर्न आइएमएफले सुझाव दिएको थियो ।

आइएमएफले सो तलब कटौती गरेर यहाँको स्वास्थ्यका क्षेत्रमा बजेट बढाउन सुझाव दिएको थियो । तर पनि पाकिस्तान सरकारले भने यहाँका सरकारी कर्मचारीको तलबमा भारी मात्रामा कटौती गर्न नसकिने बताएको हो । यहाँका सरकारी कर्मचारी र निवृत्त कर्मचारीको निवृत्तिभरणको रकममा कटौती गर्न नसकिने जानकारी पाकिस्तान सरकारले दिएको बताइएको छ । यही जुन महिनाको १२ गते पाकिस्तानले बजेट ल्याउँदै छ । सो बजेटमा व्यापक मात्रामा खर्चको कटौती गर्न भनिएको हो । पाकिस्तानमा पनि बढ्दो कारोना भाइरसको महामारीका कारण लकडाउन जारी छ ।

जसका कारण यहाँको आर्थिक अवस्थामा निकै कमी आएको बताइएको छ । देशलाई आर्थिक मन्दीबाट बचाउन यहाँको सरकारले ठूलो मात्रामा संघर्ष गर्नु परिरहेको पनि समाचारहरुमा जनाइएको छ । यहाँ पनि महामारीका बाबजुत पनि आज सोमबारदेखि सरकारले लकडाउन हटाउने निर्णय गरेको छ । यसबाट महामारीको थप खतरा रहेको बताइएको छ ।

# न्यूजील्याण्ड कोरोना भाइरसमुक्त देश भयो : प्रधानमन्त्री आर्डन




**वेलिङ्टन, एजेन्सी–**न्यूजील्याण्डले सोमबार कोरोनाभाइरससँग सम्बन्धित सबै घरेलु प्रतिबन्धहरु हटाएको घोषणा गरेको छ । कोविड-१९ बाट संक्रमित अन्तिम व्यक्ति पनि संक्रमणमुक्त भएसँगै न्यूजील्याण्डले यस्तो घोषणा गरेको हो । प्रधानमन्त्री जेसिन्डा आर्डन उक्त खबर सार्वजनिक भएसँगै घरभित्र खुशीले नाचेकी थिइन् । प्रधानमन्त्री आर्डनले अन्तर्राष्ट्रिय सीमामा जारी प्रतिबन्धहरु भने यथावत रहने बताए । उनले सामाजिक दूरी र सार्वजनिक स्थलमा हुने भेला, समारोहमा रहेका सीमितताहरु हटाइएको पनि घोषणा गरे ।

टेलिभिजनबाट प्रशारित एक सम्बोधनमा प्रधानमन्त्री आर्डनले भने, "अहिलेका लागि न्यूजील्याण्डमा कोरोनाभाइरसको प्रसार पूर्णरुपमा रोकिएकामा हामी विश्वस्त छौं । भाइरसलाई नियन्त्रणमा ल्याउन जनताले देखाएको अभूतपूर्व एकताको म प्रशंसा गर्दछु ।"

करिब ५० लाख जनसंख्या रहेको दक्षिणी प्रशान्त महासागरीय राष्ट्र न्यूजील्याण्डमा कोविड-१९ बाट एक हजार १५४ जना संक्रमित हुनुका साथै २२ जनाको ज्यान गएको थियो ।

पछिल्लो १७ दिनदेखि न्यूजील्याण्डमा कुनै नयाँ संक्रमण देखिएको छैन । पछिल्लो एक सातामा एक जनामा मात्र कोरोना संक्रमण देखिएको थियो ।

# जर्मनीको औद्योगिक उत्पादनमा १८ प्रतिशतको गिरावट

**बर्लिन, एजेन्सी–**जर्मनीको औद्योगिक उत्पादन गत अप्रिल महिनामा १७ दशमलब ९ प्रतिशतले घटेको छ । युरोपकै सबैभन्दा ठूलो अर्थतन्त्र रहेको जर्मनीमा कोरोनाभाइरसको महामारीका कारण लकडाउन गरिएपछि औद्योगिक उत्पादनमा व्यापक ह्रास आएको सरकारी तथ्याँकमा उल्लेख छ ।

गत मार्चमा पनि जर्मनीको औद्योगिक उत्पादनमा ८.९ प्रतिशतले ह्रास आएको थियो । सन् १९९१ जनवरीपछि यति ठूलो परिमाणमा औद्योगिक उत्पादनमा पहिलोपटक ह्रास आएको जर्मनीको सरकारी तथ्याँक विभाग डेस्टाटिसले जनाएको छ । सन् २०१९ को अप्रिलको तुलनामा भने औद्योगिक उत्पादनमा २५.३ प्रतिशतले कमी आएको छ । विश्लेषकहरुले पूर्वानुमान गरेभन्दा अप्रिल महिनामा औसतमा १६ प्रतिशतले औद्योगिक उत्पादनमा ह्रास आएको हो ।

सवारी साधनको उत्पादनमा ७४.६ प्रतिशत घटेको भए पनि निर्माण क्षेत्रमा भने निकै सुधार भएको छ ।


**खाँदबारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खाँदबारी,सङखुवासभा**
**१ नं. प्रदेश, नेपाल ।**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७७/०२/२७ गते**

यस खाँदबारी नगरपालिकाद्धारा मिति २०७७ बैशाख १८ गते प्रकाशित सूचना अनुसार म्याद भित्र दर्ता भएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि सिफारीस भएकोमा सार्वजनिक खरिद ऐन, २०६३(पहिलो संसोधन, २०७३) को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबुल गरिएको रकम (भ्याट बाहेक) | बोधार्थ |
|---|---|---|---|---|---|
| 1 | NCB-26/076/077 | Procurement of Sanitary Pad | श्री हेल्थ एण्ड हाइजिन प्रोडक्टस प्रा.लि., विराटनगर ९, मोरङ | रु. 13,17,490.65 (अक्षेरुपी तेह्र लाख सत्र हजार चार सय नब्बे पैसा पैसठ्ठी मात्र) । | १) श्री डायना निर्माण सामाग्री सप्लायर्स सेन्टर,खा.न.पा. 1,सं.स.<br>२) श्री सोनिस वी केयर सर्भिस प्रा.लि., जनकपुर 14, धनुषा<br>३) श्री जौवारी ट्रेड एण्ड सप्लायर्स,चैनपुर 3, सं.स.<br>४) श्री सफ्टी हाईजिन प्रा.लि.,हेटौडा 8, मकवानपुर<br>५) श्री प्रमी इन्टरप्राईजेज, ,धरान 24, सुनसरी<br>६) श्री ए.एण्ड एफ विजनेस ग्रुप प्रा.लि. सिराहा 1 |

**प्रमुख प्रशासकीय अधिकृत**
**खाँदबारी नगरपालिका**



नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
स्थानीय पूर्वाधार बिभाग
**ग्रामीण सडक सञ्जाल सुधार आयोजना**
आयोजना कार्यन्वयन इकाई -३
कुश्मा, पर्बत

**प्रारम्भिक वाताबरणीय परीक्षण (Initial Environmental Examination-IEE) अध्ययन गर्ने बारे सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७७/०२/२३
(दोस्रो पटक प्रकाशित मिति : २०७७।०२।२६)

ग्रामीण सडक सञ्जाल सुधार आयोजना, आयोजना कार्यन्वयन इकाई -३, कुश्मा, पर्बतले बेशिशहर न. पा., गैरी- नरुवाल -श्री स्वाँरा- काफल स्वाँरा -दारेगौडा - दुरा डाँडा, लम्जुङ्ग (१५.९२६ कि मि.) सडक स्तरोन्नतीको कार्यन्वयनका लागि प्रस्ताब गरेको छ । यस प्रस्ताब बेशिशहर न. पा -२, गैरी नरुवालबाट शुरु भएर सुन्दरबजार न. पा -४, दुरा डाँडामा अन्त्य हुन्छ । यस प्रस्ताबबाट बेशिशहर न. पा -२ र ४ र सुन्दरबजार न. पा -३ र ४ प्रभावित हुने छन् । यस प्रस्ताब कार्यन्वयन गर्नु अघि यस प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण (Initial Environmental Examination-IEE) अध्ययन गर्ने शिलशिलामा प्रस्ताव कार्यन्वयन गर्दा प्रभावित हुने क्षेत्रहरुको भौतिक, जैविक, रसायनिक, साँस्कृतिक र आर्थिक तथा सामाजिक प्रणाली र यिनका अवयवहरुको अन्तरक्रिया तथा अन्तरसम्बन्धमा के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न उक्त प्रस्ताव प्रभावित क्षेत्रमा पर्ने नगरपालिका, वडा कार्यालय तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्थास्थ्य चौकि तथा सरोकारवाला व्यक्ति तथा संघ संस्थाको लिखित राय सुझाव लिन वातावरण संरक्षण नियमवालि २०५४ (पछिल्लो संसोधन)को नियम ७ उपनियम २ बमोजिम यो सूचना प्रकाशित गरिएकाले, यो सुचना प्रकाशित मितिले पन्ध्र (१५) दिन भित्र निम्न ठेगनामा आइपुग्ने गरि राय सुझाव उपलव्ध गराइ दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझाव पठाउने ठेगाना**
**स्थानीय पूर्वाधार बिभाग**
**ग्रामीण सडक सञ्जाल सुधार आयोजना**
**आयोजना कार्यन्वयन इकाई -३**
**कुश्मा, पर्बत**
**फोन न : ०६७-४२१२०२**
***Email: rcippiuparbat@gmail.com***

### भौतिक मन्त्रीको प्रष्टोक्ती

# प्रादेशिक सन्तुलनलाई ध्यान दिँदै भौतिक पूर्वाधारमा बजेट

**मध्यान्ह संवाददाता**
काठमाडौँ, २६ जेठ

भौतिक पूर्वाधार तथा यातायातमन्त्री वसन्तकुमार नेम्वाङले आगामी आवको विनियोजन विधेयकमा प्रादेशिक सन्तुलनलाई ध्यानमा राखेर बजेटलाई समानुपातिक ढङ्गले वितरण गरिएको बताएका छन् । प्रतिनिधिसभाको आजको बैठकमा विनियोजन विधेयक, २०७७ अन्तर्गत भौतिक पूर्वाधार मन्त्रालयका विभिन्न शीर्षकमाथिको छलफलमा उठेको प्रश्नको जवाफ दिँदै उनले बजेटको 'सिलिङ' घटेको तर चालु आवमा सञ्चालित आयोजनालाई निरन्तरता दिनुपर्ने भएकाले आगामी आवमा थप नयाँ आयोजना समावेश गर्न नसकिएको बताए ।

विश्वव्यापी महामारीको रुप लिएको कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभावका कारण चालु आवमा विनियोजित रकमको तुलनामा भौतिक पूर्वाधार क्षेत्रमा रु २२ अर्बले न्यून रहेको उनको भनाइ थियो । वर्तमान असहज परिस्थितिका बाबजुद औचित्य र आवश्यकताका आधारमा केचना-कञ्चनजङ्गा पर्यटकीय मार्ग, तमोर कोरिडोर, मिर्चैया-कटारी-घुर्मी-सल्लेरी, निर्वाचन क्षेत्र रणनीतिक सडकलगायत थोरै मात्र नयाँ आयोजना समावेश गर्न सकिएको उनको प्रष्टोक्ति थियो ।

मन्त्री नेम्वाङले विगतमा शुरु गरिएको राष्ट्रिय गौरवका आयोजना उत्तरदक्षिण लोकमार्ग, हुलाकी राजमार्ग, मदन भण्डारी राजमार्ग, मध्यपहाडी (पुष्पलाल) राजमार्ग, द्रुत मार्गजस्ता आयोजना निर्धारित समयभित्र सम्पन्न गर्न यथोचित ध्यान दिँदै आवश्यक मात्रामा बजेट विनियोजन गरिएको बताए । "विगत वर्षदेखि सञ्चालन हुँदै आएका ८० वटा राजमार्गलाई निरन्तरता दिँदै पूर्वपश्चिम राजमार्गलाई कम्तीमा पनि चार लेनको सडकका रुपमा स्तरोन्नति गर्ने कार्यको थालनी गरी झापाको काँकडभिट्टादेखि रुपन्देहीको बुटवलसम्मको खण्डलाई अगाडि बढाउन प्रयत्न गरिएको छ", उनले भन्नुभयो, "निर्मित सडकको मर्मतसम्भार तथा सडक सुरक्षालाई ध्यान दिई आवश्यक रकम विनियोजन गएिको छ । सडक सुरक्षा परिषद् ऐन संसद्मा पेश गर्न मस्यौदा तयार भइसकेको छ ।"

तराई-मधेश पूर्वाधार सडक विशेष कार्यक्रम तथा सडक पूर्वाधार विकास कार्यक्रमलाई सबै निर्वाचन क्षेत्रमा विस्तार गरिएको उनको भनाइ थियो । यस वर्ष प्रत्येक निर्वाचन क्षेत्रमा रु १० करोड बराबरको खरीद प्रक्रिया अघि बढ्नाका साथै निर्वाचन क्षेत्र रणनीतिक सडकमा बजेट विनियोजन गरिनाले भौगोलिक सन्तुलन कायम गर्ने परम्पराको थालनी गरिएको उनले बताए ।

मन्त्री नेम्वाङका अनुसार नागढुङ्गा तथा सिद्धार्थ सुरुङमार्ग निर्माण प्रक्रियालाई द्रुत गतिमा अघि बढाउनाका साथै अन्य सात सुरुङ मार्ग निर्माणको अध्ययनका



लागि बजेट विनियोजन गरिएको छ । उनले काठमाडौँ उपत्यकाकाको बढ्दो सावारी जामलाई ध्यानमा राखी 'अण्डरपास' र उपत्यकाभित्र आगामी वर्ष 'फ्लाइ ओभर' निर्माण गर्न बजेटको व्यवस्था गरिएको जानकारी दिए ।

पूर्वपश्चिम विद्युतीय रेलमार्ग निर्माणलाई निरन्तरता दिँदै आगामी आवमा झापाको काँकडभिट्टादेखि सुनसरीको इनरुवा खण्डको निर्माणका लागि स्रोतको सुनिश्चितता गरिएको बताउँदै उनले काठमाडौँ-केरुङ तथा काठमाडौँ-रक्सौल रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माणका निम्ति चीन र भारतसँग सम्झौता गरिएको बताए । आगामी आवभित्र नेपाली झण्डा फहराउँदै जयनगर-जनकपुर खण्डमा रेल सञ्चालनमा आउने उनको भनाइ थियो ।

यातायातको नयाँ क्षेत्रका रुपमा रेल तथा जलयातायातलगायत अन्य पूर्वाधार निर्माण गर्न बजेट विनियोजन गरिएको उनले बताए । उनका अनुसार सार्वजनिक यातायातलाई व्यवस्थित बनाउनका लागि ऐन निर्माण गर्न राष्ट्रियसभाबाट पारित सार्वजनिक यातायात प्राधिकरण विधेयक प्रतिनिधिसभामा टेबुल भइसकेको छ । विद्युतीय सवारी साधनलाई प्रवर्द्धन गर्ने सरकारको योजना रहेको पनि उनको भनाइ थियो । उनले सङ्घीय राजधानीलाई थप व्यवस्थित बनाउन सरकारले विभिन्न स्थानमा 'फ्लाई ओभर' निर्माण गर्ने विषयलाई प्रमुख प्राथमिकता दिएको र सोहीअनुसारको बजेट विनियोजन गरिएको बताए ।

यातायात क्षेत्रमा रहेको सिण्डिकेट अन्त्य भई प्रतिस्पर्धात्मक रुपमा सार्वजनिक सवारी सञ्चालनमा आई जनताले सुविधा प्राप्त गर्न थालिसकेको मन्त्री नेम्वाङले बताए । उनले भौतिक निर्माणको क्षेत्रमा रहेको बेथिति हटाउन सरकारले कानूनी तथा संरचनागत काममसमेत गरेको र त्यसले आगामी दिनमा थप सकारात्मक नतिजा निकाल्ने विश्वास पनि व्यक्त गरे ।

उनका अनुसार महाकाली कोरिडोर हुँदै दार्चुलाको तितङ्करसम्म पुग्ने सडक निर्माणका लागि नेपाली सेनालाई जिम्मा दिइएको र आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

सांसद सञ्जयकुमार गौतम, चन्द्रकान्त चौधरी र प्रेम सुवालले मन्त्री नेम्वाङले दिनुभएको जवाफ चित्त नबुझेको भन्दै थप प्रतिप्रश्न गरेका थिए ।

सरकारले आगामी आर्थिक वर्ष रेलमार्गको अध्ययन, निर्माण र सञ्चालनका लागि रु आठ अर्ब ६६ करोड विनियोजन गरेको छ । पूर्वपश्चिम विद्युतीय रेलमार्गको बाँकी खण्डको सम्भाव्यता अध्ययन सम्पन्न गरी काँकडभिट्टा-इनरुवा खण्डको निर्माण शुरु गरिने बजेटमा उल्लेख छ । यस्तै रसुवागढी-काठमाडौँ, वीरगञ्ज-काठमाडौँ रेलमार्गको विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न गर्ने तथा दक्षिणी सीमानाकाबाट पूर्वपश्चिम विद्युतीय रेलमार्गको इटहरी, निजगढ, बुटवल, कोहलपुर जोड्ने रेल्वे लाइनको निर्माण गरिने लक्ष्य राखिएको छ । त्यस्तै जयनगर-जनकपुर-विजलपुरा खण्डमा रेल सेवा सञ्चालन हुने र बर्दिबास-निजगढ खण्डको निर्माण सम्पन्न गरिने विषयलाई बजेटले विशेष ध्यान दिएको छ ।

शहरी क्षेत्रको ट्राफिक चाप व्यवस्थापन गर्न र यात्रुलाई सुरक्षित तथा सुविधायुक्त सेवा प्रदान गर्न ठूला क्षमताका सार्वजनिक सवारी साधनलाई प्रोत्साहन गरिनेछ । विद्युतीय सवारी साधनका लागि आवश्यक चार्जिङ स्टेशन स्थापना गर्नेतर्फ सरकारले बजेट उपलब्ध गराएको छ । यस्तै सार्वजनिक सवारी साधनलाई व्यवस्थित गर्न सार्वजनिक यातायात प्राधिकरणको स्थापना गर्ने लक्ष्य राखेको छ । विद्युतीय माध्यमबाट सवारी चालक अनुमतिपत्र जारी गर्ने, आधुनिक प्रविधिको प्रयोग गरी सवारीसाधनको अनुगमन गर्ने, इम्बोइष्ड नम्बर प्लेट वितरण गर्ने र कोभिड-१९ का कारण यातायात व्यवसायमा परेको असर न्यूनीकरण गरी पुनःसञ्चालनका लागि बैंक कर्जामा सहुलियत, कर छुट तथा रुट इजाजत दस्तुर छुट दिने व्यवस्था मिलाइएको छ ।

सरकारले आन्तरिक जल यातायात पूर्वाधार विकासका लागि कोशीको चतरादेखि तुम्लिङ्टार, नारायणीको त्रिवेणीदेखि देवघाट हुँदै राम्दी र कर्णालीको खक्रौलादेखि खिमडीसम्म जल यातायात सञ्चालनको सम्भाव्यता अध्ययन गर्ने भएको छ । नेपालको आफ्नै ध्वजावाहक पानीजहाज भारतको आन्तरिक जलमार्गबाट समुद्रसम्म जान सक्ने गरी सञ्चालन गर्न पूर्वाधार निर्माण तथा कानूनी व्यवस्था गर्ने विषयलाई प्रमुख प्राथमिकतामा राखिएको छ । भौतिक पूर्वाधार मन्त्रालयको कार्यक्रम सञ्चालनका लागि रु एक खर्ब ३८ अर्ब ८० करोड बजेट विनियोजन भएको छ ।

सरकारले प्रत्येक प्रदेशमा कम्तीमा दुई राष्ट्रिय राजमार्ग पर्ने गरी निर्माणलाई तीव्रता दिने तथा पूर्वपश्चिम राजमार्गलाई आगामी तीन वर्षमा एशियालीस्तरको चार लेनसहितको सुरक्षित द्रुत सडकका रुपमा आगामी आवका निर्माण अघि बढाउने गरी रु १२ अर्ब २१ करोड विनियोजन गरेको छ । मध्यपहाडी राजमार्ग आगामी तीन वर्षमा सम्पन्न गर्ने लक्ष्य राखी रु आठ अर्ब २७ करोड बजेट विनियोजन गरिएको छ । यस्तै लामो समयदेखि अधूरो तराईको हुलाकी राजमार्ग आगामी तीन वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ । त्यसका लागि रु सात अर्ब एक करोड विनियोजन भएको छ । निर्माणाधीन मदन भण्डारी राजमार्ग आगामी तीन वर्षभित्र सम्पन्न गर्ने गरी रु तीन अर्ब सात करोड विनियोजन गरिएको छ ।

मेची, तमोर, कोशी, तामाकोशी, त्रिशूली, भेरी, कालीगण्डकी र कर्णाली तथा महाकाली करिडोर आयोजना र राजमार्गको निर्माण तथा स्तरोन्नतिलाई निरन्तरता दिनका लागि रु सात अर्ब १७ करोड विनियोजन भएको छ । बिपी राजमार्ग, मिर्चैया-कटारी-घुर्मी-सल्लेरी सडक, राप्ती राजमार्ग, कर्णाली राजमार्गको सुर्खेत-जुम्ला खण्ड, सुर्खेत-दैलेख, नग्मा-गमगढी-नाक्चेनाग्ला, घोराही-थवाङ-मुसिकोट शहीद मार्ग र डुम्रे-बेंसीशहर-चामे सडक सुधार र स्तरोन्नति र पोखरा-रिडी, मालढुङ्गा-बेनी, खुटिया-दिपायल-चैनपुर-उरै र गमगढी-रारा सडकको निर्माण अगाडि बढाउन पनि बजेट व्यवस्था गरिएको छ ।

आगामी आवमा नेपालका सबै जिल्ला सदरमुकाम सडक सञ्जालमा जोड्न कर्णाली करिडोरको निर्माणलाई तीव्रता दिइने भएको छ । हुम्ला सदरमुकामसम्म सडक पुऱ्याउन र सबै प्रदेशका राजधानी जोड्ने सडकलाई सम्भाव्यताका आधारमा चौडा बनाउने कार्यक्रम सञ्चालन हुनेछ । मुग्लिन-पोखरा, कोहलपुर-सुर्खेत र सिद्धार्थ राजमार्गलाई स्तरोन्नति गर्न रु पाँच अर्ब ५७ करोड विनियोजन गरिएको मन्त्री डा खतिवडाले बताए । प्रत्येक निर्वाचन क्षेत्रका एकभन्दा बढी स्थानीय तह जोड्ने निर्वाचन क्षेत्र रणनीतिक सडक कार्यक्रम कार्यान्वयनका लागि रु तीन अर्ब ३० करोड विनियोजन गरिएको छ ।

सुरुङमार्ग आयोजनाका लागि रु छ अर्ब ४२ करोड विनियोजन गरेको सरकारले नौबीसे सडकखण्डको नागढुङ्गामा सुरुङमार्ग निर्माण अघि बढाउने र सिद्धार्थ राजमार्गको बुटवल-पाल्पा सडकको सिद्धबाबा खण्डमा मार्ग निर्माण शुरु लक्ष्य राखेको छ । वाग्मती प्रदेश सरकारसँगको सहकार्यमा कुलेखानी-भीमफेदी सडकखण्डमा सुरुङ मार्ग निर्माणको विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न गरी निर्माणको काम अघि बढाइने भएको छ ।

काठमाडौँ-नुवाकोट-रसुवा सडकको टोखा-छहरे खण्ड र वेत्रावती-स्याफ्रुबेंसी खण्डमा सुरुङ निर्माणका लागि सम्भाव्यता अध्ययन पूरा गरी निर्माण र तीनकुने-कोटेश्वर-जडिबुटी खण्डमा सम्भाव्यता अध्ययन पूरा गरी फ्लाई ओभर र सुरुङ मार्ग शुरु गरिने विषयलाई प्रमुख प्राथमिकतामा राखिएको छ ।

सडकको आवश्यक मर्मतसम्भार र स्तरोन्नतिका लागि सडक बोर्ड नेपाललाई रु १६ अर्ब ३० करोड विनियोजन भएको छ । यस्तै स्थानीय र रणनीतिक सडकमा पुल निर्माणका लागि रु १० अर्ब ९१ करोड विनियोजन गरी यसबाट १० विशेष प्रकारका पुलसहित २५० पुलको निर्माण शुरु गरिनेछ भने ३०० पुल निर्माण सम्पन्न गरिने छ ।

## एनएनमबी बैंकले कन्चन बैंकलाई एक्वाएर गर्ने



**काठमाडौं/मस**–एनएमबि बैंकले कञ्चन डेभलपमेन्ट बैंकलाई एक्वायर गर्ने भएको छ । सोका लागि अन्तिम सम्झौतामा हस्ताक्षर भएको छ । कैलाली, कञ्चनपुर, डडेलधुरा, बैतडी र डोटी गरी ५ जिल्लामा कार्यक्षेत्र रहेको कञ्चन सुदूरपश्चिम प्रदेशको बैंक हो । यसको मुख्य कार्यालय कञ्चनपुरमा छ । एनएमबि बैंकले कञ्चन डेभलपमेन्ट बैंकलाई प्राप्ति गरे पश्चात यस बैंकको सुदूरपश्चिमका प्रदेशमा शाखा संख्या २४ पुग्नेछ भने एक्सटेन्सन काउन्टर संख्या ४ पुग्नेछ । एनएमबिले केही समयअघि मात्र ओम डेभलपमेन्ट बैंक गाभेको थियो । यो सँगै गण्डकी प्रदेशमा बैंकको उपस्थिति बलियो भइसकेको छ ।

# अनुदानमा कुखुराको चल्ला वितरण



**काठमाडौं/मस**–चितवनको इच्छाकामना गाउँपालिकाले विपन्न परिवारलाई अनुदानमा स्थानीय कुखुराको चल्ला वितरण गर्ने भएको छ । त्यस क्षेत्रका पर्यटकीय गन्तव्यमा आउने पर्यटकलाई नयाँ स्वाद दिलाउने उद्देश्यले स्थानीयलाई चल्ला वितरण गर्न लागिएको हो ।

गाउँपालिका अध्यक्ष गीता गुरुङले आइतबार एक साताको सूचना प्रकाशित गरी विपन्न परिवारलाई सम्पर्कमा आउन आह्वान गरिएको जानकारी दिए । उनीहरुलाई स्थानीय जातको कुखुराको चल्ला खरिदमा ७५ प्रतिशत अनुदान दिइनेछ ।

स्थानीयसँग भएको खोर र पाल्नसक्ने क्षमताका आधारमा कम्तीमा २० वटा चल्ला दिइने र क्षमता भएमा सङ्ख्या थप गर्न सकिने उनको भनाइ छ । के-कति निवेदन आउँछ त्यसका आधारमा वितरण थालिनेछ । उनले ३०० परिवारजतिलाई चल्ला वितरण गर्ने लक्ष्य राखिएको बताए । यसले स्थानीयको जीवनस्तर उकास्न र पर्यटकलाई नयाँ स्वाद दिन सकिने उनको भनाइ छ । इच्छाकामना मन्दिर, सिराइचुली, उपरदाङ्गढी, लामो झरना जान र घुम्न पर्यटक आउने गर्दछन् । त्यस क्षेत्रका बासिन्दा र होमस्टे भएका हात्तीवाङ, मायाटार, चोकडाङ, सराथोक, साथीमुढेलगायतका क्षेत्रमा बसोबास गर्ने विपन्न परिवारलाई चल्ला वितरणको प्राथमिकतामा राखिएको छ ।

पछिल्लो समय स्थानीय जातका कुखुराको माग बढ्दै गएको छ । गाउँ घुम्न जाने जो कोहीको इच्छा स्थानीय कुखुरा खाने हुने गर्दछ । गाउँपालिकाले थोरै लगानीमा विपन्नलाई सहयोग पुऱ्याउन कार्यक्रम प्रभावकारी हुने जनाइएको छ ।

COVID-19 NOVEL CORONA VIRUS (nCOV)

जनहितका लागि जारी जनचेतनामूलक सन्देश

नोबेल कोरोना भाइरस (Conid-19) का मूख्य लक्षणहरु

ज्वरो (१००.४° F भन्दा माथि)

श्वासप्रश्वासमा अत्याधिक समस्या

रुघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

कसरी आफू बच्ने र अरुलाई बचाउने ?

नियमित रूपमा साबुन पानीले हात धुने ।

खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।

फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।

फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।

जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।

पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक

कार्यालय
बागबजार, काठमाडौँ
फोन नं. ०१-४२२६३६६

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर नयाँ बसपार्कमा पनि खुलेको यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ